DeKalb County
School District

डा. Devon Q. Horton, *सुपरिटेन्डेन्ट*

श्रीमान Diijon DaCosta, Sr., *बोर्ड अध्यक्ष*
सुश्री Deirdre P. Pierce, *उपाध्यक्ष*
श्रीमती Anna Hill
श्रीमती Whitney McGinniss
सुश्री Allyson Gevertz
श्रीमती Vickie B. Turner
डा. Joyce Morley

**तत्काल प्रकाशन गर्न मिल्ने**

बिहीवार, नोभेम्बर 14, 2024

**निम्नमा सम्पर्क गर्नुहोस्:**
Donald Porter, *Ed.D.* 678-481-4110
Carla Parker 404-734-1717

## आयुक्त Spears ले DeKalb का विद्यार्थीहरूको स्थलगत भ्रमणमा सहयोग गर्न $ 50,000 को अनुदान दिनुभएको छ

(STONE MOUNTAIN, GA)— DeKalb काउन्टीका आयुक्त Michelle Long Spears ले DeKalb Schools Educational Foundation, Inc लाई $50,000 को अनुदान दिएर स्थानीय विद्यार्थीहरूको भविष्यमा महत्त्वपूर्ण लगानी गर्नुभएको छ योगदान दिनुभएको छ। यो महत्त्वपूर्ण उपहारले विद्यालय बाहिरको समृद्ध, व्यवहारिक सिकाइमा सहभागी हुन खर्च व्यहोर्न नसक्ने विद्यार्थीहरूलाई त्यस्तो अनुभव प्राप्त गर्न सक्षम बनाउँदै डिस्ट्रिक्ट 2 भित्रका विद्यालयहरूको विज्ञानसम्बन्धी स्थलगत भ्रमणहरूमा आर्थिक सहयोग प्रदान गर्नेछ।

"विज्ञानका अविश्वसनीय आश्चर्यहरू साँच्चै नै त्यति बेला जीवन्त हुन्छन् जब विद्यार्थीहरू कक्षाकोठाबाट बाहिर निस्केर संसार देख्छन्," आयुक्त Michelle Long Spears ले भन्नुभयो। "यी स्थलगत भ्रमणहरूलाई समर्थन गरेर, हामी यात्राको खर्च मात्र व्यहोरिरहेका छैनौं, कल्पना र सम्भावनाहरूको ढोका पनि खोलिरहेका छौं। आफ्नो आर्थिक हैसियत जस्तोसुकै भए पनि प्रत्येक बालबालिका आफ्नो वरपरको संसारबाट अन्वेषण गर्ने, खोज गर्ने र प्रेरित हुने अवसर प्राप्त गर्न हकदार हुन्छन्।

32 प्रमाणित विद्यालय र कार्यक्रमहरूको साथमा STE(A)M मा प्रमाणित रूपमा अगाडि रहेको DeKalb County School District (*DCSD*) ले प्रथम श्रेणीका वैज्ञानिक आकर्षणहरू र स्थलहरूसँगको आफ्नो निकटताबाट नियमति रूपमा लाभ उठाउँछ। उदाहरणका लागि, प्राथमिक र माध्यामिक विद्यालयहरूले Georgia Coast मा वार्षिक शैक्षिक यात्राहरू आयोजना गर्छन्, जहाँ विद्यार्थीहरूले Skidaway Island, Tybee Island, र Jekyll Island जस्ता स्थानहरूमा समुद्री विज्ञान र तटीय पर्यावरणको अन्वेषण गर्छन्। यी गहन अनुभवहरूले कक्षाकोठाको सिकाइलाई थप सुधार गर्छ र प्रायः विज्ञान प्रति जीवनभरको उत्साह जगाउँछ।

यद्यपि, यातायात, आवास, र खाना सहितको प्रति विद्यार्थी $500 को औसत खर्चको साथमा यी यात्राहरूले कम आय भएका परिवारहरू, विशेषगरी COVID-19 महामारीबाट असमान रूपमा प्रभावित भएकाहरूका लागि महत्त्वपूर्ण अवरोध खडा गर्छन्।

"DeKalb Schools Educational Foundation, Inc. आयुक्त Michelle Long Spears सँगको साझेदारीबाट उत्साहित बनेको छ," संस्थाका कार्यकारी निर्देशक Thurman Green ले भन्नुभयो। "यो अनुदानले आर्थिक सहायताभन्दा ठूलो काम गर्छ। अन्य कुनै कारणले यी असाधारण सिकाइ अनुभवहरू छुटाउन सक्ने विद्यार्थीहरूका लागि यो महत्त्वपूर्ण जीवनरेखा हो। आर्थिक अवरोधहरू हटाएर, हामी विद्यार्थीहरूलाई आफ्नो पूर्ण क्षमतासम्म पुग्न र विज्ञानप्रति गहिरो लगाव विकास गरिरहेका छौं जसले उनीहरूको भविष्यलाई हाम्रो कल्पनाभन्दा बाहिरका तरिकाहरूले सकारात्मक आकार दिन सक्छ।"

DCSD का निम्न विद्यालयहरू यो आर्थिक सहयोग प्राप्य गर्न योग्य छन्:

- Ashford Park Elementary School
- Briar Vista Elementary School
- Coralwood School

- Dunwoody Elementary School Upper Campus/Cary Reynolds Elementary School
- Fernbank Elementary School
- Globe Academy Lower Campus
- International Community School
- Laurel Ridge Elementary School
- John Robert Lewis Elementary School
- Montclair Elementary School
- Montgomery Elementary School
- Oak Grove Elementary School
- Sagamore Hills Elementary School
- Woodward Elementary School
- Druid Hills Middle School
- Globe Academy Upper Campus
- Kittredge Magnet School
- Path Academy

यो एक पटकको अनुदान हो, र अनुदान सेप्टेम्बर 2026 भित्र विनियोजन गरिनेछ।

"यो पहिलो लगानीले सामुदायिक, व्यापारिक, र शैक्षिक साझेदारीको लागि मार्ग प्रशस्त गर्दछ। आयुक्त Michelle Long Spears को $ 50,000 को उपहार फाउन्डेशनले DeKalb काउन्टी स्कूलका सबै विद्यार्थीहरूको लागि शैक्षिक नतिजा र सकारात्मक अनुभव सुधार गर्न सक्रिय रूपमा काम गरिरहेको छ भनेर थाहा पाएपछिको विश्वास र भरोसाको उदाहरण हो, "  DeKalb Schools Educational Foundation, Inc का समिति अध्यक्ष Patricia Smith ले भन्नुभयो।

DeKalb Schools Educational Foundation, Inc. एउटा 501(c)(3) संस्था हो जसले पूर्ण विद्यार्थीहरू विकास गर्न र अध्यापन उत्कृष्टता बढाउन प्रभावकारी साझेदारीहरू सिर्जना गर्दछ। फाउन्डेसनको बारेमा थप जानकारी प्राप्त गर्न वा फाउन्डेसनलाई सहयोग गर्न, कृपया **यहाँ भएको** वेबसाइट भ्रमण गर्नुहोस् वा DeKalb Schools Educational Foundation का कार्यकारी निर्देशक श्री Thurman Green, III लाई thurman_green@dekalbschoolsga.orgमा इमेल मार्फत मा (404) 310-3562 फोन मार्फत सम्पर्क गर्नुहोस्।

XXX